# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७९।०६।०७ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

मालपोत कार्यालय, पर्साले दुईवटा लिखत पारित गरी राजश्व हिनामिना गरेको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा मालपोत कार्यालय, पर्साका तत्कालिन नायव सुब्बा मदन प्रसाद गुप्ताले जग्गा प्रशासन निर्देशिका, २०५८ को दफा ३१८ बमोजिम प्रत्येक फाँटवालाहरुले दैनिक असूल गरेको राजश्व सोहीदिन तोकिएको ढाँचामा चलानी सहित लेखा शाखामा दाखिला गर्नुपर्ने, चलानी तयार गर्दा राजस्व प्राप्त भएको रसिद नं. समेत उल्लेख गर्ने भन्ने कानूनी व्यवस्थाको विपरित निजले सेवाग्राहीबाट संकलन गरेको मिति २०६९।१०।१६ देखि २०६९।१०।२४ सम्मको राजश्व जम्मा रु. १३,९९,९६२।- मध्ये रु. १,६२,०००।- मात्र लेखा शाखालाई बुझाई कुल राजश्व रकम मध्ये बाँकी रु. १२,३७,९६२।- सरकारी राजश्व हिनामिना गरेको पुष्टी भएको हुँदा निज उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ को खण्ड (ग) बमोजिमको "उठाएको राजश्व प्रचलित कानुन बमोजिम दाखिला नगरी हिनामिना गर्ने" कार्य गरी सोही दफामा उल्लेख भए बमोजिम ऐ.ऐ. दफा ३ को कसुरमा निजलाई विगो रु. १२,३७,९६२।- (बाह्र लाख सैतीस हजार नौ सय बैसठ्ठी रुपैयाँ) कायम गरी सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय खण्ड (च) बमोजिम कैद सजाय र सोही ऐनको दफा ७ बमोजिम राजश्व हिनामिना भएको रकमको दोव्वर जरिवाना हुन मागदावी लिने। साथै निजले मिति २०६९।१०।१९ को रजिष्ट्रेशन लिखत दर्ता किताबको दुई किसिमको अभिलेख खडा गरी सरकारी कागजात गैरकानूनी तरिकाले सच्याउने, केरमेट गर्ने, थपघट गर्ने वा हेरफेर गर्ने कार्य गरेको देखिँदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ बमोजिमको कसुरमा सोही दफा ११ बमोजिमको कैद र जरिवाना समेतको मागदावी लिइएको छ ।

साथै, मालपोत कार्यालय, पर्साका तत्कालिन लेखापाल विष्णुप्रसाद ढकालले संकलन भएको राजश्व रकम रु. १,६२,०००।- मात्र अर्का प्रतिवादी मदन प्रसाद गुप्ताबाट रसिद समेत नभिडाई चलानी बुझी रु. १२,३७,९६२।- सरकारी राजश्व हिनामिना गर्नमा प्रतिवादी मदन प्रसाद गुप्तालाई मद्दत पुर्याई, आफूसमेत संलग्न भई उठाएको राजश्व दुरुस्त रुपमा दाखिला नगरेको देखिँदा निज उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ र सो को खण्ड (ग) बमोजिमको "उठाएको राजश्व प्रचलित कानुन बमोजिम दाखिला नगरी हिनामिना गर्ने" कार्य गरी सोही दफा ७ मा उल्लेख भए बमोजिम ऐ.ऐ. दफा ३ को कसुरमा निजलाई विगो रु. १२,३७,९६२।- (बाह्र लाख सैतीस हजार नौ सय बैसठ्ठी रुपैयाँ) कायम गरी सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय खण्ड (च) बमोजिम कैद सजाय र सोही ऐनको दफा ७ बमोजिम राजश्व हिनामिना भएको रकमको दोव्वर जरिवाना हुन समेतको मागदावी लिई अख्तियार दुरुपयोग अनुसन्धान ऐन, २०४८ को दफा १८ र दफा ३५ तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३६ बमोजिम आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

प्रवक्ता

श्याम प्रसाद भण्डारी